सुनवर्षी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
डाईनियाँ, मोरङ
१ नं. प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं. ११४८

कोशी प्रदेश मोरङ, नेपाल

मिति:२०८२।०९।२८

सुनवर्षी नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखा डाईनियाँ, मोरङको जरुरी सूचना ।

शैक्षिक सत्र २०८३ मा यस नगरपालिका क्षेत्र भित्र तह थप गर्न मिति: २०८२।१०।१५ सम्म तथा कक्षा थप गर्न र २०८२।१० माघ मसान्त सम्म ईच्छुक विद्यालयहरुले तपसिलमा उल्लेखित कागजातहरु सहित तोकिएको ढाँचामा देहायको मिति भित्र यस शाखामा आवेदन दर्ता गर्नुहुन जानकारी गराइन्छ।साथै तोकिएको समय सिमाभित्र प्राप्त नभएको निवेदन उपर कुनै कारवाही नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

शैक्षिक सत्र २०८३ मा विद्यालयको कक्षा/तह थपका लागि पेश गर्नु पर्ने:

१. शैक्षिक सत्र सुरु हुनुभन्दा कम्तीमा २ महिना (२०८२ माघ मसान्त भित्र) विद्यालय व्यवस्थापन समितिको निर्णय सहितको तोकिएको ढाँचामा निवेदन पेश गर्नु पर्ने ।
२. तह थप कक्षा आवश्यक रहेका भन्ने सम्बन्धित वडा समितिको निर्णय सहितको वडाको सिफारिस पत्र ।
३. शैक्षिक गुठि अन्तरगत भएमा विधान स्वीकृत गरिएको पत्रको प्रमाणित प्रतिलिपि र कम्पनी अन्तरगत भएमा कम्पनीको प्रमाणपत्र र प्रबन्ध पत्र तथा नियमावलीको प्रतिलिपि ।
४. संस्थादर्ता प्रमाणपत्र प्रतिलिपि र कर बुझाएको विवरण ।
५. कक्षा/तह थप भएमा अघिल्लो कक्षा/ तह थपको अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।
६. शैक्षिक सत्र २०८२ को IEMIS विवरण ।
७. जग्गा, घर भाडामा भए कम्तिमा ५ वर्षको सम्झौता पत्रको कागजातहरु र क्षेत्रफलको विवरण र आफ्नै भवन भएमा विद्यालयको नामको लालपूर्जा र घरको नक्साको प्रमाणित प्रतिलिपि ।
८. नजिकको २ वडा सामुदायिक विद्यालयहरुको वि.व्य.स. को निर्णय सहितको सक्कलै सहमति पत्र ।
९. आगामी शैक्षिक सत्रको लागि अभिभावक भेलाको दुई तिहाइ बहुमतले पारित प्रस्तावित शुल्क विवरणको प्रमाणित प्रतिलिपि ।
१०. कम्तिमा ५ वर्ष निजी स्रोतबाट सञ्चालित गर्ने वि.व्य.स. को प्रतिवद्धता (सामुदायिकको हकमा मात्र) ।
११. सञ्चालित विद्यालयको शैक्षिक नक्सा ।
१२. चालु शैक्षिक सत्रको लागि वितरण गरिएको छात्रवृत्तिको विवरण ।
१३. विद्यालयमा भएको पाठ्यक्रम, पुस्तक विवरण र विद्यालयले पठन पाठन गराउने पाठ्यक्रम विकास केन्द्रद्वारा सूचिकृत पाठ्यसामग्रीको विवरण ।
१४. विद्यालयको नाममा विद्यार्थी आवत जावत गर्न प्रयोग गर्ने सवारी साधन भए सोको रङस र नाम देखिने गरी खिचेको सवारी साधनको फोटो ।
१५. शिक्षक नियुक्ति पत्र, निजहरुको नागरिकता, योग्यता, अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि ।
१६. शिक्षक कर्मचारी सेवा सुविधा सम्बन्धि विनियमावली ।
१७. विद्यालयको खर्च व्यहोर्ने स्रोतको व्यवस्थापनको निर्णय ।
१८. गत आ.व. को लेखा परीक्षणको प्रतिवेदन र विद्यालय सञ्चालन गर्ने गुठी/ कम्पनीको स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
१९. अनुमति पूर्व विद्यालय सञ्चालन र अनुमति नपाएको थप कक्षा सञ्चालन नगरेको र गरेको पाईएमा अनुमति प्रकृया खारेज गरेमा विद्यालयको सहमति रहेको पत्र र सो अनुसारको वि.व्य.स. को निर्णयको प्रमाणित प्रतिलिपि ।
२०. निवेदन दस्तुर प्रति कक्षा पाँच हजार (सामुदायिक बाहेकको हकमा मात्र) ।

०९।२८
शिक्षा अधिकृत



CS Scanned with CamScanner